# २ प्रेम र न्यायः परमेश्वरको समस्या, होशे

*यस अध्यायको निम्ति पढ्नुहोस्:* होशे ७:११,१२, होशे १०:११-१३, मत्ती ११:२८:३०, रोमी ५:८, १ पत्रुस २:२४, होशे १४।

*स्मरण गर्नुपर्ने पदः* "६ अब हे याकूबका सन्तान, आफ्ना परमेश्वरमा भरोसा राख र उहाँकहाँ फर्की आओ। प्रेम र न्याय कायम राख र धैर्यसाथ परमेश्वरको कामको बाटो हेर।" (होशे ६:१२ नेपाली बाइबल सोसाइटी)।

उपरोक्त पदलाई न्यु इन्टरनेशनल रिभाइज भर्जनमा यसरी अनुवाद गरिएको छः "हे याकूबका जनहरू हो, तिमीहरूको परमेश्वरतिर तिमीहरू फर्कनुपर्दछ। प्रेम र जे न्यायोचित छ त्यसलाई पकडी नै राख्नुपर्दछ। तिमीहरूको परमेश्वरमा तिमीहरूले सधैं भरोसा राखी राख्नै पर्दछ।"

*मूल सोचः* परमेश्वरप्रतिको विश्वासमा चिप्लिएर जाने उहाँका जनहरूप्रति उहाँको गाढा प्रेम, सदाशयता कत्तिको कायमै रहेछ भनेर बढी जानकारी होशेले दिन्दछन्।

आफ्ना जनहरूप्रति परमेश्वरको प्रेमलाई झल्काउन बाइबलका लेखकहरूले प्रायजसो रूपक वा प्रतिकहरू प्रयोग गरेर बुझाउन खोजेको पाइन्छ। मानिसलाई राम्रोसँग थाहा पाएका वस्तुहरूलाई औँल्याएर कम थाहा पाएका वस्तुहरूको विशेष ध्यानाकर्षण गर्न रूपक वा अलङ्कार वा प्रतिकलाई प्रयोग गर्दछन्। ती रूपक वा अलङ्कारहरू केवल चिन्ह वा प्रतिरूपमात्र हुन्। ती वस्तुहरू आफैको भन्दा अरूको भेद राम्रोसँग खुलाउन मानिसहरूले ती तिनीहरूलाई साङ्केतिक चिन्हको रूपमा प्रयोग गर्दछन्।

उहाँका जनहरूप्रति परमेश्वरको माया प्रेम कत्तिको रहेछ भनेर बाइबलका लेखकहरूले श्रीमान र श्रीमतीको बीचको सम्बन्ध र आमाबाबु र छोराछोरीहरूको बीचको सम्बन्धलाई साङ्केतिकको रूपमा प्रयोग गरेर साधारणतया वाख्या गरेको पाइन्छ। अघिल्लो अध्यायमा श्रीमान र श्रीमतीको बीचको सम्बन्धलाई प्रयोग गरेर परमेश्वरको सदाशयी प्रेमको बारेमा उल्लेख गरेका थियौं। होशेले अरू केही

साङ्केतिक वा चिन्हहरू प्रयोग गरेर मानिसहरूप्रति परमेश्वरको भावना कस्तो रहेछ भनेर यस अध्यायमा सिक्नेछौं। हामीप्रति परमेश्वरको ममता र स्नेह कत्तिको रहेछ भनेर होशेले आमाबाबु र छोराछोरीको बीचको सम्बन्धलाई धेरै प्रयोग गरेर औंल्याएको पाउँछौं।

जुन रूपमा होशेले शाङ्केतिक अर्थात् रूपक प्रयोग गरेर परमेश्वरको आत्मज्ञान हामीलाई सिकाउन खोजेको थियो, त्यसरी नै येशूले पनि विभिन्न अर्ती कथा वा दृष्टान्तहरू प्रयोग गरेर यी ज्ञानहरू हामीलाई सिकाउन खोज्नुभएको थियोः (१) जीवनमा देखेका सुनेका प्रचलित वस्तुहरूबाट परमेश्वरको बारेमा सत्यहरूलाई वाख्या गर्न, (२) दैनिक जीवनमा प्रयोग गरेका वस्तुहरूलाई प्रयोग गरेर महत्त्वपूर्ण आत्मिक नितिहरू मानिसहरूको दिमागमा चित्रण गरिराख्न।

## १. सजिलैसँग बहकिने र असमझदारी वा विवेकहीन स्वभाव (होशे ७:११,१२)

**तत्कालिन इस्राएलमा के भइरहेको थियो भन्ने कुरालाई तुलना गर्दै होशे ७:११,१२ हेरौं। त्यहाँ खबरदारी गरेको छ। ती पदहरूबाट हामी के निति सिक्नसक्छौं त्यो पनि यसरी औंल्याएको छः "यताउति वेगले उडिरहने एउटा समझ नभएको परेवाझैं इस्राएल यताउति दौडिरहन्छ, पहिले त्यहाँका मानिसहरूले मिश्रबाट सहायता मागे, त्यसपछि सहायताको आशामा अश्शूरतर्फ फर्के। १२ तर तिनीहरू त्यसरी जाँदा म एउटा जाल फैलाएर चराहरूलाई झैं तिनीहरूलाई पक्रनेछु। तिनीहरूका दुष्ट कामहरूको निम्ति म तिनीहरूलाई दण्ड दिनेछु।"**

यस अध्यायको सुरूको पदमा एफ्राइम कूलको बारेमा औंल्याइएको छ। योशेफको कान्छो छोराको नाउँ एफ्राइम थियो। इस्राएलको उत्तरी राज्यमा रहेका कूलहरूमा एफ्राइमका कूल महत्त्वपूर्ण मानिएको थियो। त्यसकारण सारा राज्यलाई जनाउन एफ्राइम नाउँ प्रयोग गरेको थियो। त्यसरी नै दक्षिण भेगमा रहेका राज्यलाई जनाउन यहूदा नाउँ प्रयोग गर्दथ्यो। माथि उल्लेख गरेको पदमा इस्राएलीहरू कस्ता थिए भने, तिनीहरू समझ वा विवेक नभएका गतिहीनमा उडिरहने चरा जस्ता थिए भनेर तुलना गर्दछन् (यर्मिया ५:२१ पनि पढ्नुहोस्)। चरा समात्नेहरूको जालोमा चरा परेझैं इस्राएलीहरू पनि स्वइच्छाले आफूलाई पापको धरापमा पर्न दिएको भनेर परमेश्वरले

गुनासो गर्नुहुन्छ। त्यसको अर्थ यो हो कि इस्राएलीहरू परमेश्वरको विरूद्धमा गएर दोषी भएका थिए किनभने तिनीहरूले उहाँलाई पन्छाएर अरू विदेशी वा छिमेकी राष्ट्रहरूसँग हारगुहार मागेका थिए।

त्यसरी विदेशी साम्राज्य असेरिया वा इजीप्ट अर्थात् मीश्रदेशसँग हातेमालो गर्नुको मतलब के हो त? सनातन परमप्रभु सृष्टिकर्ता परमेश्वर भन्दा ती मीश्र देशका देवीदेवताहरू शक्तिशाली थिए भनेर इस्राएलीहरूले स्वीकार गरेको देखाउँथ्यो। (यहि सन्दर्भमा यशैया ५२:४, विलाप ५:१-६ पनि पढ्नुहोस्)। ती विदेशी शक्तिहरूतर्फ मुख फर्काउनुको अर्थ परमेश्वरप्रतिको आस्थाबाट तर्केर गएको प्रमाणित भएको थियो। परमेश्वरतिर फर्कनु, पश्चाताप गर्नु, उहाँका व्यवस्था तथा नितिहरूको पालन गर्नु र मानिसका हातहरूले कुँदेका मिथ्या देवीदेवताहरूलाई पन्छाउनु ती इस्राएली जनहरूको आवश्यकता थियो। तिनीहरूको अस्तित्वको लागि त्यो मात्र आशा थियो, तर धर्महीनहरूसँग हातेमालो गर्नु तिनीहरूको हितमा थिएन।

"असेरिया र इजिप्तका आक्रमणको सजिलो तारो इस्राएल थियो। युफ्रेटिस र नाइल नदी जोड्ने राजमार्ग आफ्नो हातमा पार्न ती शक्तिशाली साम्राज्यहरू एक आफसमा लडाईं गर्ने गर्दथे। इस्राएल र यहूदाका राज्यहरू ती दुई नदीहरूको बीचमा थिए। त्यसले गर्दा ती शक्तिशाली असेरिया र क्षजिप्टको बीचको लडाईंमा तिनीहरू फसेका थिए। परमेश्वरमा आत्मिकी भरोसा नराखी इस्राएलले पहिले एउटा साम्राज्यसँग हारगुहार मागे, अनि त्यसपछि अर्कोसँग जस त्यही हारगुहार मागे। तर कदम नै तिनीहरूको निम्ति धराप हुन पुगेको थियो।"-एसडीए बाइबल कमेन्टरी, ठेली ४, पृ. ९०८बाट रूपान्तरित।

**हामीहरूलाई आपद विपद परेको बेलामा परमेश्वरसँग भन्दा पनि मानिसहरूसँग हारगुहार माग्न धेरै सजिलो छ, छैन त? हुन त मानिसहरूको क्रन्दनको जवाफ दिन परमेश्वरले मानिसहरूलाई प्रयोग गर्नुहुन्छ। यद्यपि, हामीलाई पनि त्यस्तै समस्या आइपरेको बेलामा इस्राएलीहरूले भूल गरेको जस्तो मानव सहायतातिर नढल्कि परमेश्वरतिर मात्र फर्कन कसरी यकिन हुने? परमेश्वरलाई पन्छाएर केवल मानिसमा मात्र भर पर्ने कदम हामी कसरी चाल्न सक्दछौं त?**

२. तालिम पाएका बाछी वा कोरली (होशे १०:११-१३)

आफ्ना जनहरूलाई होशे १०:११-१३ परमेश्वरले के सन्देश दिनुभएको छ? "म तिमीहरूलाई आशिषको झरी पठाउँछु" भनेको के हो? हेर्नुहोस्: "११ एफ्राइमचाहिँ दाइँ गर्दा रमाउने सधाइएकी कोरली हो। यसकारण त्यसको सुन्दर काँधमा म जुवा हालिदिनेछु। म एफ्राइमलाई हाँक्नेछु। यहूदाले हलो जोत्नुपर्नेछ, र याकूबले डल्लाहरू फोर्नुपर्नेछ। १२ आफ्ना निम्ति धार्मिकताका बीउ रोप, र अचूक प्रेमको कटनी गर। तिमीहरूको बाँझो बारी जोत। किनकि परमप्रभुलाई खोज्ने समय अहिले हो, जबसम्म उहाँ आएर तिमीहरूमाथि धार्मिकताको वृष्टि खन्याउनुहुन्छ। १३ "तर तिमीहरूले त अधर्म रोपेका छौ। तिमीहरूले दुष्टताको कटनी गरेका छौ। तिमीहरूले छलको फल खाएका छौ। तिमीहरूले आफ्नै शक्तिमाथि भर परेका र आफ्नै योद्धाहरूमा भर परेका हुनाले, तिमीहरूका प्रजाको विरुद्धमा युद्धको गर्जन उठ्नेछ, र लड़ाइँमा शल्मनले बेथ-आर्बेललाई नाश गरेझैं तिमीहरूका सबै गढ़ीहरू नाश गरिनेछन्— जुन समयमा आमाहरू आफ्ना नानीहरूसँगसँगै टुक्रै-टुक्रा पारिए। १५ यसरी हे बेथेल हो, तिमीहरूको अत्यन्त दुष्टाताले गर्दा त्यो आइपर्नेछ। त्यस दिनको उज्यालो हुँदा, इस्राएलका राजालाई बिलकुलै सर्वनाश गरिनेछ।"

यथार्थमा भन्ने हो भने होशे १० अध्यायमा परमेश्वरले एफ्रेइम अर्थात् इस्राएललाई तालिम पाएकी बाच्छो वा कोरलीसँग तुलना गर्नुहुन्छ। त्यस कोरलीले दाइँ गर्न मनपराउँछिन् किनभने आफूले कटानी गर्दै जान्दा उनले त्यस अन्न खानलाई पनि पाउँछिन्। त्यसको अर्थ इस्राएलीहरू उपयोगी हुनुको सट्टा स्वार्थी हुन गएको देखाइएको थियो। तिनीहरूको केन्द्रबिन्दु परमेश्वर वा अरूको सेवा गर्ने नभएर आफ्नो मात्र भाऊ खोज्नुतिर थियो। तर जब इस्राएलीहरूलाई खुला खेतमा काम लगाउन परमेश्वरले जुवा राखी दिनुहुन्छ तब तिनीहरूमा उहाँको धार्मिकता र दया बढ़दथ्ये।

पौराणिक बाइबलको कालमा सेवाभावनाको उदाहरणलाई देखाउन जुवाको चिन्ह प्रयोग गरिन्थ्यो। कलिला बाच्छाहरूलाई दाइँ गर्न तालिम दिइन्थ्यो (यर्मीया ५०:११)। जुवा बोक्दै ती गाईबाच्छाहरूले खुट्टाबाट मकै कुल्चेर छोडाउँथ्ये। अनि छोडाएको मकैमाथि अन्न चुट्ने गाडा ती बाच्छाहरूले तान्दथे (२ शामूयल २४:२२)। त्यस्तो काममा खटेका बाच्छाहरू पछि त्यो भन्दा गाऱ्हो काम खेतबारी खन्न अनुशासित भइसकेको देखाउँथ्यो (१ राजा

१९:१९, यर्मिया ४:३)। इस्राएलीहरूलाई तालिम दिन त्यही खालको निति परमेश्वरले प्रयोग गर्नुभएको थियो। एफ्रेमको कलिलो घाँटीमा परमेश्वरले जुवा राखीदिनुहुन्छ (होशे १०:११) जसले गर्दा उसले कडा परिश्रम गर्न सिकोस् ताकि जमिनको माटोलाई टुक्राटुक्रा पारेर जोतोस्।

परमेश्वरको वचनलाई पालन गर्न इस्राएलीहरू सक्षम् होस् भन्ने परमेश्वरको चाहना हो भनेर अगमवक्ता होशेले होशे १०:१२मा प्रस्तुत गर्दछन्। परमेश्वरतिर फर्केका उहाँका “पत्नी"लाई धार्मिक वा उचित जीवन र अटल प्रेमको वरदान उहाँले प्रतिज्ञा गर्नुभएको छ। तर त्यो बाचा त्यसबेला लागु हुन्छ जब करारको नविकरण हुन्छ (होशे २:१९)। यदि मानिसहरूले  धार्मिक वा उचित जीवन रोप्दछ भने तिनीहरूले दयाको कटनी गर्नेछ। परमेश्वरतिर फर्केर उहाँको इच्छा पालन गरे भनेमात्र आउने सजायँबाट इस्राएलीहरू बच्न सक्दछन्। अर्को अर्थमा भन्ने हो भने यदि उहाँले चुन्नुभएका जनहरूले आफूले गरेका पापहरूको दुःख मनाउ वा पश्चाताप गरे भने परमेश्वरको अनुग्रह र दयाको ढोका अझै खुला भएको तिनीहरूले पाउनेछन्।

उचित जीवन वा धार्मिक जीवन रोप्न सजग गराउनुमा एक महत्त्वपूर्ण प्रसङ्ग गाँसिएको छ। मानिस र मानिसको बीचमा हुनुपर्ने व्यक्तिगत सम्बन्धले त्यस जीवनको प्रदर्शन गर्दछ भनेर त्यसले देखाउन खोजेको छ। परमेश्वरतिर फर्कनु वा उहाँलाई खोज्नुको अर्थ परमेश्वर र उहाँका जनहरूको बीचमा हुनुपर्ने सम्बन्धमा संवेदनशील हुनु वा सजग हुनु हो। माटो फोड्नुको अर्थ यो हो, आत्मिक वा अध्यात्मिक जीवन र सामाजिक जीवनमा सुधार ल्याउनु हो। ती सुधार ल्याउन परमेश्वरप्रति तिनीहरूको आस्था नविकरण गर्नुपर्दछ। परमेश्वरले दिनुभएको देशमा उहाँको आशिष पुनः उपभोग गर्न उहाँ र उहाँका जनहरूको बीचमा घनिष्ठ सम्बन्ध राख्दै अघि बढ्न आवश्यकता भएको थियो र इस्राएलीहरूले चाहेमा मात्र त्यो सम्बन्ध उपलव्ध थियो। त्यसको नतिजाले परमेश्वरको गरिमामय आशिष सारा संसार भर्ने गरेर भव्य तरिकाले फुल्नेछ (होशे १४:५-७)।

**प्रभु येशूले उहाँको जुवा बोक भनेर हामीलाई आह्वान गर्नुभएको छ। उहाँको जुवा बोक्दा हामी अहँ हुने भावनाबाट स्वतन्त्र हुन्छौं। हामीहरूको चरित्रमा भद्रपना झल्किन्छ र सबैलाई नम्रतापूर्वक व्यवहार गर्न सक्षम् हुनसक्दछौं। उहाँको जुवा हामीले बोक्न राजी भयौं भने**

जुनसुकै अवस्थामा हामी गुज्रनु परेतापनि हामीहरूले परमानन्द तथा परम आरामको अनुभव गर्न सक्दछौं। मत्ती ११:२८-३०मा उल्लेख गरिएको उहाँको आह्वान यस प्रकारको छ: "२८ "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। २९ मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ। ३० किनकि मेरो जुवा सजिलो छ, र मेरो भारी हलुको छ।"

## ३. दुधे बालक (होशे ११:१-४)

होशे ११:१-४मा ममतामयी आमा तथा पिताको हृदयलाई झल्काउँदै परमेश्वरले आफ्ना जनहरूलाई यसरी सम्बोधन गर्नुहुन्छ: १ "जब इस्राएल बालक थियो तब मैले त्यसलाई प्रेम गरें, र मैले आफ्नो पुत्रलाई मिश्रदेशबाट बोलाएँ। २ तर जति-जति मैले इस्राएललाई बोलाएँ, त्यति-त्यति तिनीहरू मबाट टाढ़ा भए। तिनीहरूले बाल देवताहरूलाई बलि चढ़ाए, र खोपिएका मूर्तिहरूलाई धूप बाले। ३ एफ्राइमलाई हातमा समातेर हिँड्न सिकाउने त म नै थिएँ। तर मैले तिनीहरूलाई निको पारें भनी तिनीहरूले जानेनन्। ४ मैले तिनीहरूलाई मानिसजातिको मायाको डोरी, प्रेमको बन्धनले बाँधेर डोऱ्याएँ। तिनीहरूका काँधबाट जुवा उतारिदिएर तिनीहरूलाई खुवाउन म झुकें।

नयाँ आमाबाबुले जस्तै इस्राएलीहरूलाई परमेश्वरले कतिको कोमलतापूर्वक स्याहार गर्नुभएको थियो माथिको पदहरूमा होशेले उहाँको मृदु भावना व्यक्त गर्दछन्। कोहि पनि बालक खसेर नलडोस भनेर आमाबाबुले जतनसाथ त्यसको हात समातेर डोऱ्याउँछन्। सुरूदेखि इस्राएलीहरूलाई परमेश्वरले पनि त्यही प्रकारले स्याहारसुसार गर्नुभएको थियो। ममतामयी परमेश्वरले प्रेम गर्नुहुन्छ, उहाँले सदाशयता अपनाएर क्षमा दिनुहुन्छ। परमेश्वरको ती स्वभावनै होशेको सन्देशको केन्द्रविन्दु हो। बहकिएर जानेहरूलाई परमेश्वरले सजायँ दिनुभएतापनि उहाँ करूणामय हुनुहुन्छ। उहाँको क्रोध भयङ्कर त होला। तर हामी मानिस भएको हैशियतले उहाँका करूणामय र दयाको बारेमा बुझ्ने शक्ति सिमितै छ।

परमेश्वरलाई पन्छाएर अघि बढ्ने हाम्रो स्वभाव भएतापनि हामीप्रति उहाँको दिल कस्तो छ भनेर देहायका पदहरूले हामीलाई सिकाउँदछन्। विभिन्न समयमा लेखिएका ती पदहरूको भावना समान छ

र त्यसबाट हामी कस्तो खालको आश्वासन पाउनुपर्दछ सो हामीले हृदयङ्गम गर्नुपर्दछ। हेर्नुहोस्ः

व्यवस्था ८ः५, "तिमीहरूले यो जान, कि मान्छेले आफ्नो छोरालाई ताड़ना दिएझैं (वा हप्काउनुभएझैं) परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई ताड़ना दिनुहुन्छ (हप्काउनुहुन्छ)।

हितोपदेश १३ः५, "५ धर्मीले झूटलाई घृणा गर्दछ, तर दुष्टले लाज र बेइज्जत ल्याउँछ।"

हिब्रू १२ः६, ६ किनभने जसलाई परमप्रभुले प्रेम गर्नुहुन्छ त्यसैलाई ताड़ना दिनुहुन्छ (वा सच्याउनुहुन्छ), र आफूले ग्रहण गर्नुभएको हरेक छोरालाई उहाँले दण्ड दिनुहुन्छ।"

प्रकाश ३ः१९, "जत्तिलाई म माया गर्छु, म तिनीहरूलाई हप्काउँछु, र ताड़ना दिन्छु। यसकारण उत्साहित होओ र पश्चात्ताप गर।"

इस्राएलीहरू परमेश्वरको विशेष बालक हुन् भनेर मोशाद्वारा उहाँले इजिप्तका राजालाई सन्देश दिनुभएको थियो (प्रस्थान ४ः२२,२३)। हुन त इजिप्तका नागरिकहरू समेत गरेर संसारका सबै मानिसहरू परमेश्वरका छोराछोरी हुन्। तर परमेश्वरको जेष्ठ पुत्र हुन उहाँले इस्राएली राष्ट्रलाई चुन्नुभएको थियो। त्यसले गर्दा त्यस राष्ट्रलाई परमेश्वरले विशेष अधिकार र सम्मानहरू दिनुभएको थियो। तर ती अधिकार र सम्मानको साथै दायित्व पनि आएका थिए। उजाड भूमीमा परमेश्वरले उहाँका जनहरूलाई बाबुले आफ्ना छोरालाई बोकेको जस्तै बोक्नुभएको थियो (व्यवस्था १ः३)। र जसरी अनुशासनमा नबस्ने छोरालाई बाबुले हप्काउँछ र सच्याउँछ त्यसरी नै उहाँले ती जनहरूलाई अनुशासनमा राख्नुभएको थियो (व्यवस्था ८ः५)।

"यस संसारमा परमेश्वरको निम्ति खट्नेहरू सबैले दुःखको पाठशालामा तालिम पाएका हुन्छन्। जति महत्त्वपूर्ण काम त्यस मानिसलाई सुम्पिएको हुन्छ त्यति बढि कडा परिक्षा त्यसमाथि खनिएको हुन्छ।"-एलेन जी ह्वाइट, एजुकेशन, पृ. १५१बाट रूपान्तरित।

माया गर्ने कुनै पनि आमाबाबुले आफ्ना छोराछोरीहरूलाई अनुशासनमा राख्न दण्ड दिन्छन्। तर छोराछोरीहरूले पाउने सजायँ तिनीहरूकै हितको निम्ति हो। यदि अशिद्ध मानव जातिले त्यो निति अपनाउँछ भने हामीलाई माया गर्ने परमेश्वरले हामीलाई जे गर्नुभएतापनि उहाँको प्रेममाथि झन बढि भरोसा किन नराख्ने?

**प्रायजसो हामी धेरैको निम्ति परमेश्वरमा अनुशासित जीवन बिताउने हाम्रो समस्या होइन। तर हामीमाथि आइपर्ने ती दुःख, कष्ट, बिघ्नवाधा आदिलाई बुझ्न नखोज्नुचाहिँ हाम्रो समस्या हो। हामीमा आइपर्ने अवरोध तथा दुःखकष्टहरूले हामी "दुःखको पाठशालामा छौं" र त्यसबाट परमेश्वरले हामीलाई केही सिकाउन खोज्नुभएको छ भन्ने आत्मिक ज्ञानमा हामी कसरी सजग हुने? आफ्ना विश्वासी मित्रहरूको बीचमा त्यसको बारेमा छलफल गर्नुहोस्।**

## ४. करुणा देखाउनु रिसभन्दापनि चर्को छ (होशे ११:८,९)

परमेश्वरको भित्री हृदय होशे ११:८,९ले यसरी देखाउँदछः "८ "ए एफ्राइम, म तिमीलाई कसरी छोड़िदिन सक्छु र! ए इस्राएल, म तिमीलाई कसरी दुश्मनका हातमा सुम्पिदिन सक्छु? म तिमीलाई कसरी अदमालाई झैं व्यवहार गर्न सक्छु? म तिमीलाई कसरी सबोयीमलाई झैं बनाउन सक्छु! मेरो हृदय मभित्र परिवर्तित भएको छ। मेरो मन दयाले जागृत भएको छ। ९ म मेरो प्रचण्ड रीस प्रयोग गर्नेछैनँ। म एफ्राइमलाई फेरि सर्वनाश गर्नेछैनँ। किनकि म परमेश्वर हुँ, मानिस होइनँ— तिमीहरूका बीचमा परमपवित्र। म क्रोधमा आउनेछैनँ।" व्यवस्थाले माग गरेको अनुसार (व्यवस्था २१:१८-२१) विद्रोह गर्ने आफ्ना छोराछोरीहरूलाई शत्रुको हातबाट पत्थर वर्षाउन लगाएर के उहाँले मार्नुहुन्छ त? (त्यही सन्दर्भमा उत्पत्ति १९:१७२३ पनि पढ्नुहोस्)। मानिसको पापको निम्ति दुःख पाउनुभएको परमेश्वर र मानिसको उत्थान र उद्धारको निम्ति पहल गर्ने **परमेश्वरको** अचम्मको चित्रण त्यो भन्दा अरू के होला?

पापको हिलोमा फस्न रमाउने इस्राएलीहरू पूरै नाश हुनुपर्दथ्यो। तर परमेश्वरको अटल करुणा र सदाशयीताले गर्दा आफ्ना जनहरूलाई निरन्तररूपमा प्रेम गर्नुभएको थियो र तिनीहरूको आत्मिक जीवनमा सुधार गर्न उहाँले भरमग्दुर प्रयास नै गरिरहनुभएको थियो।

इस्राएलीहरूका पूर्खा अब्राहमको समयमा मृत सागरको दक्षिण भेगको यर्दन उपत्यकामा पाँच **उल्लेखनीय** शहरहरू थिए। तिनीहरू सोडोम, गोमोरा, अडमाह, जेबोइम र जोआर थिए। तिनीहरू "समथर मैदानका शहरहरू" भनेर कहलाइन्थे। ती पाँच शहरहरूमा केवल जोअरमात्र नाश गरिएको थिएन। परमेश्वरतिर फर्केर उचित जीवन नबिताइ दुष्ट जीवन बिताएका हुनाले ती चार शहरहरूको नाश भएको

थियो (व्यवस्था २९:२३)। अत्याचारी, दुराचारी, पापी, असत्ती जीवन बिताउनेको गति कस्तो हुन्छ भनेर देखाउन ती शहरहरू प्रख्यात भएका थिए। आफ्नो छलफलमा होशेले केही ती शहरहरूका नामहरू उल्लेख गरेका थिए।

परमेश्वरका मार्गहरू पापी मानिसहरूका मार्गहरूभन्दा असल छन् भनेर होशे ११ले सिकाउँदछ। आफ्ना तितो अनुभवहरूले उहाँका निर्णयहरूलाई प्रभाव पार्न दिनुहुन्न भनेर परमेश्वरले भनिरहनुभएको थियो। आफ्ना जनहरूको सर्वहित र पुनःनविकरण जीवन बिताउन परमेश्वरको प्रेमले हात बढाइरहेको हुन्छ। यदि परमेश्वरले सजायँ दिनुहुन्छ भने तिनीहरूलाई नाश गर्न होइन तर सुधार गर्न र अनुशासनमा राख्नको निम्ति हो। कतिपय मानिसहरू इसाई हुँ भनेर दावी गर्नेहरूले पनि परमेश्वरको त्यो पक्षलाई पचाउन नसकेको पाइन्छ। बरू केही भूल गर्ने बित्तिकै परमेश्वरले सजायँ दिनुहुन्छ र पापको सजायँ दिन उहाँ रिसले मानिसहरूलाई खोतलीरहनुहुन्छ भनेर विश्वासमा अपरिपक्व इसाईहरूले सिकाइरहेको पाइन्छ। पापीहरूलाई नर्कको अनन्तसम्म जलिरहेको आगोमा परमेश्वरले फाल्नुहुन्छ भनेर अझ कतिपय इसाईहरूले नै सिकाइरहेको पाइन्छ। तर बाइबलले परमेश्वरको बारेमा दिइएको सत चित्रणमा त्यो उल्लेख गरिएको छैन।

**मानिसहरूप्रति परमेश्वरको प्रेम अपार र असिमित छ भनेर देहायका केही पदहरूले यसरी सिकाउँदछन्:**

**रोमी ५:८ " तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो।"**

**१ पत्रुस २:२४ "किनकि यसैको निम्ति तिमीहरू बोलाइएका हौ। ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ।"**

**गलाती ३:१३ "१३ हाम्रा निम्ति सराप बनेर ख्रीष्टले हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर छुटाउनुभयो, किनकि "काठमा झुण्डिने हरेक श्रापित हुन्छ" भन्ने लेखिएको छ।"**

## ५. स्वस्थ भएका, प्रेम पाएका र स्याहार पाएका परमेश्वरका जनहरू (होशे १४)

कतिपय बाइबलका चिन्तकहरूले पुरानो करारका परमेश्वरप्रति नकारात्मक धारणा प्रस्तुत गरेको पाइन्छ। तिनीहरूले भन्छन् पुरानो

करारमा परमेश्वर अत्यन्त कडा र क्षमाहीन हुनुहुन्छ। अनि जब नयाँ करारमा येशूको बारेमा पढ्छन् परमेश्वर त येशू जस्तो पो हुनुपर्छ भनेर तिनीहरूले सिकाउँदछन्। त्यस धारणामा के तपाईंले केही त्रुटी पाउनुभएको छ? पुरानो करारका परमेश्वरप्रति बाइबलका विद्वानहरूले गरेको धारणा गलत छ भनेर होशे १४ले गरेको प्रस्तुतीबाट हामीले के सिक्नसक्दछौं? आफ्ना जनहरूप्रति परमेश्वरको स्वभाव र ममता कस्तो रहेछ भनेर देखाएको चित्रणतर्फ हेरौं:

१ हे इस्राएलका मानिसहरू हो, परमप्रभु आफ्ना परमेश्वरकहाँ फर्की आओ। तिम्रा पापले तिमीहरूलाई ठक्कर दिएर पतन गराएको छ।
२ परमप्रभुकहाँ फर्क र उहाँलाई यस्तो प्रार्थना चढाओ, "हामीहरूका सबै पाप क्षमा गर्नुहोस् र हाम्रा प्रार्थना ग्रहण गर्नुहोस् र हामीले गरेका प्रतिज्ञाअनुसार हामी तपाईंको प्रशंसा गर्नेछौं।
३ अश्शूरले कहिल्यै हामीलाई बचाउन सक्दैन र युद्धका घोडाहरूले हाम्रो रक्षा गर्न सक्दैनन्। हामीसित भएका हाम्रा हातले बनाएका मूर्तिहरूलाई फेरि कहिल्यै हाम्रा परमेश्वर हौ भनी हामी भन्नेछैनौं। हे परमप्रभु, टुहुरा-टुहुरीलाई तपाईंले कृपा देखाउनुहुन्छ।"
४ परमप्रभु भन्नुहुन्छ, "म आफ्नो प्रजालाई मकहाँ फर्काई ल्याउनेछु, म सम्पूर्ण हृदयले तिनीहरूलाई प्रेम गर्नेछु; अबदेखि उसो म तिनीहरूसित रिसाउनेछैनँ।
५ म इस्राएलीहरूका निम्ति सुखा भूमिमा पर्ने वर्षाझैं छु। तिनीहरू फूलहरूका कोपिलाझैं फक्रिनेछन्। तिनीहरूले लेबनानका रूखहरूजस्तै जमिनभित्र जरा गड्नेछन्।
६ तिनीहरू नयाँ भई जैतुनका रूखहरूझैं जिउनेछन् र तिनीहरू लेबनानका देवदारुहरूझैं सुगन्धित हुनेछन्।
७ फेरि एक पटक तिनीहरू मेरो सुरक्षामा जिउनेछन्। तिनीहरू अन्नझैं लहलह बढ्नेछन् र रूखको बोटझैं फलदायी हुनेछन्। तिनीहरू लेबनानको ख्याति प्राप्त दाखमद्यझैं हुनेछन्।
८ इस्राएलका मानिसहरूको अब मूर्तिहरूसित कुनै पनि सम्बन्ध हुनेछैन; म तिनीहरूका प्रार्थनाको उत्तर दिनेछु र तिनीहरूलाई हेरचाह गर्नेछु। सधैं हरियो रहने रूखझैं म तिनीहरूलाई आश्रय दिनेछु; म नै तिनीहरूका सबै आशिष्हरूको स्रोत हुँ।
९ जो-जो बुद्धिमान् छन्, तिनीहरूले यहाँ लेखिएका कुराहरू बुझून् र आ-आफ्ना मनमा गुनून्। परमप्रभुका मार्गहरू ठीक छन्, तिनमा हिँडेर धर्मी मानिसहरू बाँच्छन्। तर पापीहरूचाहिँ तिनमा ठोकर खाएर लड्छन्।"

अगमवक्ताले के सन्देश प्रचार गर्न चाहेका थिए त्यो सन्देश होशेले आफ्नो अन्तिम अध्यायमा प्रस्तुत गरेको अति उत्तम सन्देश मात्रु

पर्दछ। किनभने परमेश्वरले दिनुभएको मुक्तिको बाचा असफल हुँदैन तर सदासर्वदा कायम नै छ भनेर त्यस सन्देशले दोहोऱ्याउँछ। आआफ्ना पापहरूबाट फर्कन मानिसहरूलाई भनेर आह्वान गर्दै त्यस अध्याय सुरू गर्दछ। परमेश्वरतिर फर्क भनेर होशेले आफ्ना मानिसहरूलाई प्रोत्साहित गर्दछन्। परमेश्वरको आराधना गर्ने बेलामा कस्तो वचनहरू उच्चारण गर्नुपर्छ भनेर त्यस अगमवक्ताले सुझाव दिँदछन। मानिसहरूलाई पतन गराउने अपराधबाट राहत दिलाउन वा क्षमा पाउन परमेश्वरसँग प्रार्थना गर भनेर उनले भन्दछन्। विदेशी शक्तिसँग भर पर्ने आचरण र हातले खोपेर बनाएका मूर्तीहरूलाई ढोग्न पनि पुरै रूपमा त्याग भनेर त्यहाँ आह्वान गरिएको छ। कुनै बली वा उपहारबिना परमेश्वरकहाँ कोहि पनि नआउने परम्परा बाइबलको कालमा थियो (प्रस्थान २३:१५)। केवल कुनै थोक वा पशुलाई बली चढाउन ल्याउने मात्र नभएर इमान्दारीपूर्वक आफ्ना पाप वा अपराधहरूबाट पश्चाताप गर्दै परमेश्वरले तिनीहरूको हृदयका पुकार सुन्नुभएको छ भनेर आत्मसात् गर्दै धन्यवादको भेटी पनि तिनीहरूले ल्याउनुपर्दथ्यो।

जब हृदयदेखि मानिसहरूले आफ्ना पापको स्वीकार गर्दछन् र पश्चाताप गर्दछन् तब प्रतिज्ञाका श्रृखलाहरू प्रस्तुत गर्दै परमेश्वरले तिनीहरूलाई जवाफ दिनुहुन्छ। मानिसहरूका शारीरिक विमारहरू तिनीहरूका चिकित्सक परमेश्वरले निको पारून् भनेर तिनीहरूले चिताओस् भनेर दिइएको वचन पनि अति उल्लेखीय मान्नुपर्दछ। इस्राएलीहरूसँग परमेश्वरले गर्न चाहनुभएको सम्बन्धको पुनःनविकरण पनि लामो सुक्खा मौसमपछि प्यालेस्टाइनमा रूख र फूलहरू फुलाउन शीत परेर पानी दिएको जस्तै हो। परमेश्वरले आफ्ना जनहरूसँग सम्बन्ध फेरि कसरी गाँस्नुभएको छ भनेर जैतुन वा ओलिभको रूखको प्रतिकले जनाउँदछ। त्यस ओलिभको रूखले मानिसहरूलाई छायाँ दिन्छ र हावाले हल्लेका त्यसका पातहरूले मानिसहरूलाई शितल बनाउँछ। त्यसको फलबाट तेल बनाइन्छ जो मानिसको निम्ति खानामा प्रयोग गरिन्छ। फेरि त्यही ओलिभको तेलबाट छालालाई नरम बनाउने मलम बनाइन्छ। त्यही ओलिभको तेल बाल्दा बत्ती दिइन्छ। अन्तमा लेबनानमा भएका ठूला ठूला देवदारु वा सिडार रूखहरूको बारेमा वर्णन गरिन्छ। बाइबलका भूमीमा ती रूखहरू अत्यन्त उपयोगी मानिन्छ। ती रूखहरूका काठले मन्दिर र राजकिय महलहरू निर्माण गरिन्छ (१ राजा ६:९,१०)। परमेश्वरले रोप्नु भएका जराहरू बढ्दै

ताजा बिरूवाहरू हुन जानेछन् जसले गर्दा इस्राएल यस्तो शोभनिय बँगैचा जस्तो हुनेछ ताकि त्यस देश सारा विश्वको निम्ति आशिषले भरिएका हुनेछ।

**होशे १४ अध्यायको अन्तिम पदलाई मनन गर्नुहोस्। त्यस अध्यायमा उल्लेख गरिएका सबै बाचाहरू पूरा गर्न के गर्नुपर्दछ? त्यस वचन किन समसायी र सान्दर्भिक छन्? वर्तमान एडेन्टिस्टहरूले पनि त्यसलाई केवल इस्राएलीहरूको निम्ति मात्र होइन हाम्रो लागि पनि हो भनेर किन आत्मसात् गर्नुपर्छ? हेर्नुहोस अन्तिम पदः जो-जो बुद्धिमान् छन्, तिनीहरूले यहाँ लेखिएका कुराहरू बुझून् र आ-आफ्ना मनमा गुनून्। परमप्रभुका मार्गहरू ठीक छन्, तिनमा हिँडेर धर्मी मानिसहरू बाँच्छन्। तर पापीहरूचाहिँ तिनमा ठोकर खाएर लड्छन्।"**

**उपसंहारः** होशे ७ अध्यायदेखि १४ अध्यायसँग तलका दुई अभिव्यक्तिहरू तुलना गर्नुहोस्।

"संसारका मानिसहरूलाई बोल्नको निम्ति परमेश्वरले प्रकृति, विभिन्न प्रतिक वा चिन्हहरू, अग्रज पूर्खाहरू र भविष्यवक्ता अर्थात् अगमवक्ताहरू प्रयोग गर्नुहुन्छ। मानिसहरूले बुझ्ने भाषामा नै परमेश्वरले सिकाउनभएका पाठहरू प्रस्तुत गर्नुपर्दछ। परमेश्वरका शासन पद्धतिका नितिहरू र मुक्तिका योजनाको बारेमा मानिसहरूलाई स्पष्ट रूपमा व्याख्या गर्दै सिकाउनु पर्दछ। पुरानो करारका शिक्षा तथा उपदेशहरू मानिसहरूलाई सिकाउनै पर्दछ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ, ३४।

"लामो अन्धकार युगमा इस्राएलका राजाहरूले परमेश्वरको खिलाफमा विद्रोह गरे र इस्राएलीहरूलाई तल तल एक दम तल झार्दै मूर्ती पूजामा फसाएका थिए। परमेश्वरबाट फर्किएर गएका जनहरूको निम्ति उहाँले एक अगमवक्ता पछि अर्को अगमवक्ता तिनीहरूलाई आफूतिर फर्काउन खटाउनुभएको थियो। ती मानिसहरू पापमा नफसी परमेश्वरतिर फर्कोस् भनेर  अगमवक्ताहरूमार्फत परमेश्वरले अनेकन अवसरहरू दिनुभएको थियो। इस्राएलको कुनै पनि राज्य पापमा नफसोस् भन्ने सर्वशक्तिमान सनातनका परमेश्वरको चाहना भएकोले उहाँको खबरदारीबाट बँचित भएको उहाँको इच्छा थिएन। जस्तोसुकै मूर्ति पूजा गर्ने मानिसका माझमा पनि  भक्तजनहरू पवित्र परमेश्वरको सामु निष्ठावान र आस्थावान भएर बस्नेछन्। परमेश्वरमा भरोसा राखि हिँड्ने ती उद्धार पाएका विश्वासीहरूले नै परमेश्वरको अनन्त योजनालाई

साकार बनाउनेमा गनिनेछ।"- एलेन जी ह्वाइट, प्रोफेटस एण्ड किङ्स, पृ. १०८बाट रूपान्तरित।

**चिन्तनमनन:**

१. होशेको जीवन र सेवाकार्यलाईद्वारा परमेश्वरको वचन इस्राएलीको निम्ति मानव रूप दिएको भनेर कतिपयले मानेको पाइन्छ। त्यो अवधारणा केवल सानो उदाहरणमात्र हो भनेर येशू मानव रूप धारण गरेर आएको महान् सत्यतथ्यले कसरी बताउँछ? हेर्नुहोस्: यूहन्ना १:१४

२. बाइबलको कालमा इस्राएलीहरू परमेश्वरबाट एकैचोटी तर्केर गएका थिएनन्। बरू बिस्तारै बिस्तारै तिनीहरू परमेश्वरबाट पछि हट्दै गएका थिए। यस परिवर्तित संसारमा परमेश्वरको अनन्त नितिप्रति हामी प्रतिबद्धता जाहेर गर्दै उहाँप्रति निष्ठावान भएर कसरी बस्ने?

३. परमेश्वरको महान प्रेम र उहाँको मुक्तिको सन्देश केवल नयाँ करारमा मात्र दिएका छन्, पुरानो करारमा ती उल्लेख गरेका छैनन् भनेर कतिपयले विश्वास गर्दछन् र सिकाउँदछन् पनि। त्यस धारणा किन गलत छन्।

४. येशू, उहाँका चेलाहरू र पावलले पढेका बाइबलका धर्मशास्त्र केवल पुरानो करारमात्र थियो। नयाँ करारका मत्ती ९:१३ र रोमी ९:२५,२६मा होशेका पुस्तकबाट उद्‌ध गरेका केही अंशहरू हेर्नुहोस्। हामीहरूलाई सुसमाचारको बारेमा सिकाउन होशेको पुस्तकमा भएको सन्देशलाई येशू र पावलले कसरी प्रयोग गरे?